# आ.व. २०८२।८३

# प्रथम

# सार्वजनिक सुनवाई

## प्रगति प्रतिवेदन

खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन, बागमती प्रदेश, नेपाल
फोनः०५६-५८३७०९
इमेलः-info@khairahanimun.gov.np

# खैरहनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, खैरहनी चितवन
## आर्थिक वर्ष २०८२/८३ को प्रथम चौमासिक प्रगति प्रतिवेदन

### क. पूर्वाधार क्षेत्रमा भएको कार्यसम्पादनः

१. स्वर्णतारा क्लबदेखि पुरानो पर्सा र खैरहनी चोक सम्मको मेडियन सहितको सडक स्तरोन्नती अन्तिम चरणमा रहेको छ र फाउन्टेन र विभिन्न मुर्ति राख्नको लागि ठेक्का खोली सम्झौता समेत गरी कार्यादेश प्रदान गरिएको छ ।

२. आ.व २०८१।८२ मा लक्ष्य लिईएको मगनी घोलको आरसिसि तटबन्धन कार्य सम्पन्न भईसकेको छ र थप कार्यहरुका लागि ठेक्का आह्वान गरी प्रक्रिया आगाडी बढाइएको छ।

३. खैरहनी वडा नं. ६ मा कवर्ड हल निर्माणको कंक्रिटको काम अन्तिम चरणमा रही erection को काम तयारीमा रहेको छ भने यसै आ.व. मा कार्य सम्पन्न गर्ने गरी काम गरिएको छ।

४. पानी सम्बन्धी खेलहरु सहितको बालउद्यान कार्यको कम सुरुवात गरिएको छ र यसै आ.व. भित्र सम्पन्न गरी सञ्चालनमा आउने छ।

५. चैनपुर चोकमा नगरपालिकाको स्वागतद्वार निर्माणको कार्य ३०% सम्पन्न भएको छ।

६. खैरहनी ६ र ८ मा रहेको बुढीराप्तीमा ब्यारेज सहित मोटर सञ्चालनको योजना निर्माणको कार्य सुरुवात गरिएको छ।

७. चालु आर्थिक वर्षको कुल योजना संख्या ३७७ मध्ये ९ वटा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत सम्झौता भई ७ वटा कार्यक्रमहरु सम्पन्न भएका छन् भने विभिन्न योजनाहरुलाई समान प्रकारका योजनाहरुमा जोडी १३ वटा ठेक्का आह्वान गरी कार्यादेश प्रदान गरिएको छन।

८. सबै वडाका कालोपत्रे र कहिँ वडाका बाटो ढलान र लाईनिंगका कार्यहरु समेत ठेक्का आह्वान गरी कार्यादेश प्रदान गरिएको छन।

९. शान्ति बजार देखि कठर सम्मको बाटो पिच तथा फुटपाथ निर्माण, वडा नं ९ को स्वास्थ्य चौकी भवन, वडा नं. ३ स्थित प्राङ्गारीक मल ब्यवस्थापन भवन, कंकाली मा.बि. को भवन ,चैनपुर महिला सानाकिसान भवन, वडा नं. ६ स्थित साझा सहकारी भवन, कंकाली दुध डेरी भवन र गणेश डेरी भवनको निर्माण कार्य सम्पन्न भएको छ भने खैरहनी नगर अस्पतालको भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ।

१०.मिति २०८२ भाद्र २३ र २४ गते भएको देशव्यापी Gen-Z प्रदर्शनका क्रममा खैरहनी नगरपालिकाको कार्यालय तथा सम्पूर्ण वडा कार्यालयमा भएको तोडफोड र आगजनीबाट ध्वस्त भएको प्रशासनिक भवनहरुको मर्मत कार्य अन्तिम चरणमा रहेको छ र वडा नं १,५,६,७,८,१०,११,१२ र १३ को वडा कार्यालयहरुको मर्मत कार्य सम्पन्न भएको साथै नगरपालिकाको सभाहल ठेक्का आह्वान भई कार्य सुचारु भएको छ।

११.सिसहानी कुमरोज गवै हर्नरी हात्ती काउन्टर बाटो स्तरउन्नती,बुढैली चोक देखि गौवा हुदै कुमरोज सिसानी बाटो स्तरउन्नती, वडा नं २ विन्दबासीनी देखि ४ नं वडा कार्यालय हुँदै गैडे आहाल बाटो स्तरउन्नती,मगनी देखि धुसरी लदरी खोला उनान्टोल चौविसकोटी अधुरो नाला बाटो स्तरउन्नती,खैरहनी वडा नं ५ को कार्यालय दाखि वडा नं १ ज्यामिरे निस्कने बाटो अधुरो नाला निर्माण र बाटो स्तरउन्नती, खैरहनी १० देविथान टोल देखि अर्जुन भुजेलको घरबाट दक्षिण बाटोको नाला, उनन्तोल हुँदै गजुरी टोल बाटो ओभरल्याब, खैरहनी ४ शिवालय चोक बाटो ढलान, बिश्व विजय मार्ग, खैरहनी २ र ८ बीचको बेकरी मार्ग, वडा नं ६ नगरपालिका देखि वडा नं ७ को कार्यालयसम्मको बाटो स्तरउन्नती, लामा ढिक वडा नं १३ अधुरो बाटो ढलान, कपिया स्कुल देखि दराई होमस्टे जाने अधुरो बाटो, खैरहनी ३ क्याम्पबाट आर्मी व्यारेक जाने बाटो, वडा नं ४ को कार्यालयबाट गैडा आहाल जाने बाटो स्तरउन्नती, वडा नं ७

मिलन चोक देखि गौचरण जाने बाटो ढलान, धरमपुर मूलगाउँ बाटो ढलान लगायत अन्य योजनाहरुको ठेक्का आह्वान गरी कार्यान्वयन भईरहेको छन्।

१२.वडा नं ९ विश्वनाथ टोलको अधुरो बक्स कल्भट निर्माण, वडा नं ८ मगनी गाउँमा नाला सहित पिच निर्माण, वडा नं २,३,४ को विभिन्न बाटो स्तरउन्नती, वडा नं ३ र ९ को विभिन्न सडकमा ढलान तथा पिच निर्माण, वडा नं १ को विभिन्न सडक स्तरउन्नती, वडा नं १२ को विभिन्न सडकमा नाला सहित पिच निर्माण, वडा नं १२ कै निरु दराईको घर देखि घोक्रेला सम्म जाने बाटो पिच र सिसानी कुमरोज जाने बाटो स्तरउन्नती, वडा नं ७ को गौचरण जाने बाटो ढलान तथा सिमल्धारी जाने बाटो पिच र सुल्तान जाने बाटोमा नाला तथा कल्बोट निर्माण, वडा नं ५ को बिस्कुट कारखाना र बिश्व विजय मार्ग जाने बाटो पिच कार्य निर्माण अन्तिम चरणमा रहेको छ ।

१३.बुडैली चोक देखि गवई बाटो स्तरउन्नती, सिमलटाँडी देखि राप्ती न.पा. को सिमाना सम्म नाला निर्माण र बाटो स्तरउन्नती, बैरह्नी चोक देखि उत्तर बाटो स्तरउन्नती, ज्यामिरे चोक देखि सिमलहरि तथा कंकाली मार्ग अधुरो बाटो नाला निर्माण र बाटो स्तरउन्नती, खैरहनी ५ वडा कार्यालय देखि वडा नं १ ज्यामिरे सम्म बाटो तथा अधुरो नाला निर्माण, लालटिन बजार, सुल्तना, बडागाँउ, अधुरो नाला निर्माण र बाटो स्तरउन्नती र बडागाउ कपिया जाने बाटो स्तरउन्नती, वडा नं ११ वडा कार्यालय आगाडीको बाटो निर्मण, शान्ति बजार देखि कठार हुदै राप्ती खोला जाने बाटो स्तरउन्नती ठेक्का आह्वान गरी कार्यान्वयन प्रक्रियामा रहेका छन ।

## ख. शिक्षा युवा ,तथा खेलकुद क्षेत्रमा भएको कार्यसम्पादनः

१४.चालु आर्थिक वर्षमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगरपालिका भित्रका सामुदायिक विद्यालयमा स्थलगत अनुगमन तथा मेन्टरिङका माध्यमबाट प्राप्त प्रतिवेदनका आधारमा ४१ जना युवा स्वयंसेवक शिक्षकलाई आवश्यक मेन्टरिङ व्यवस्थापन गरी कक्षा सञ्चालन गरिएको छ।

१५.नगरपालिका भित्रका कक्षा १ देखि १० कक्षा सम्मका विद्यार्थीहरुको छात्रवृत्ति तथा २५ जना विपन्न परिवारका जेहेन्दार कक्षा ११ मा अध्ययनरत विद्यार्थीको लागि नगरपालिकाबाट ५ प्रतिशत र विद्यालयबाट ५ प्रतिशत छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम अन्तर्गत नगरपालिकाबाट विद्यार्थी छनोट गरी विद्यालयमा सिफारिस गरिएको छ।

१६.बालविकास देखि कक्षा ५ सम्मका ३८७८ जना विद्यार्थीहरु दिवाखाजा कार्यक्रमबाट लाभान्वित भएका छन्। साथै सामुदायिक विद्यालयमा अध्ययनरत १३६३ जना छात्राहरुका लागि नि:शुल्क स्यानेटरी प्याड खरिदको प्रक्रिया अन्तिम चरणमा रहेको छ।

१७.खैरहनी मा .वि मा कक्षा ११ र १२ मा विज्ञान विषय सञ्चालन तथा अनुदान निकासा गरिएको छ।

१८.स्नातक तहसम्मको अध्ययन गर्न शैक्षिक सत्र २०८२ मा ११ जना छात्रा र दलित छात्रहरुलाई पठाईएको छ।

१९.आधारभूत तह र माध्यमिक तहका २१७ शिक्षकहरुको असोज महिनासम्मको तलव भत्ता तथा चाडबाड खर्च तथा बालविकास सहजकर्ता, कर्मचारी र लेखा सहायक तलवभत्ता निकासा भएको छ ।

२०.खैरहनी नगरपालिकामा लागु भएको स्थानीय पाठ्यक्रम "**हामी र हाम्रो खैरहनी**"को कक्षा ४-८ सम्मको पाठ्यपुस्तक छपाइ तथा वितरणको कार्यसम्पन्न भएको छ।

२१.माध्यमिक विद्यालय गवै,धर्मेश्वर आधारभूत विद्यालय धरमपुर तथा खैरहनी माध्यमिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन भएको छ।

२२.खेलकुद क्षेत्रलाइ व्यवस्थित गर्न नगरपालिकास्तरीय कभर्डहल शिलन्यास भएको छ।

२३.कार्यालय व्यवस्थापनका लागि आधुनिक डिजिटल प्रणाली प्रयोगका सम्बन्धमा नगरस्तरीय अनलाइन तालिम सम्पन्न भएको छ।

२४.खैरहनीका कलाकर्मी तथा साहित्यकारहरुको भेला आयोजना गरिएको छ।

२५.शैक्षिक सत्र २०८२ सालको शिक्षक तलवी प्रतिवेदन पारित गरिएको छ।

## ग. स्वास्थ्य क्षेत्रमा भएको कार्यसम्पादनः

२६.यस आ.व. मा  नगर अस्पतालबाट १३  जनाले सुरक्षित प्रसुति सेवा लिनु भएको छ।

२७.नेपाल सरकारको सशर्त कार्यक्रम तथा नगरपालिकाको चालु कार्यक्रमबाट आवश्यक नि:शुल्क औषधिहरु खरिद गरी सबै स्वास्थ्य संस्थाहरुमा पुर्याईएको छ। औषधी तथा उपकरणको आवश्यक व्यवस्था गरिएको छ।

२८." बा आमा स्वास्थ्य कार्यक्रम " को उद्घाटन सम्पन्न गरी आ.व.२०८२।८३ मा स्वास्थ्यकर्मीहरुद्वारा घर-घर गएर ३५० जना बा र ५५० जना आमाहरु  गरि जम्मा ९०० जना बा आमाहरुको स्वास्थ्य जाँच गरी परामर्श सेवा प्रदान गरिएको छ । डेंगु महामरी तथा जापानिज इन्सेफ्लाटिस नियन्त्रणका लागि नगरपालिकाको बजार क्षेत्र तथा वडाहरुमा “लामखुट्टेको लार्भा खोज तथा नष्ट गर” अभियान सम्पन्न गरिएको छ।

२९.उप-प्रमुखसँग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम अन्तरगत नि:शुल्क सामुदायिक भिडियो एक्स-रे सेवा सुरुवात गरिएको छ। चालु आ.व.को प्रथम चौमासिकमा उप-प्रमुखसँग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम अन्तर्गत ११ जनालाई नि:शुल्क भिडियो एक्स-रे, ५७ जना गर्भवती महिलाहरुलाई नि:शुल्क पूर्व-प्रसुति सम्बन्धी आधारभुत प्रयोगशाला जाँच सेवा, ८ जनालाई निशुल्कः एम्बुलेन्स सेवा प्रदान गरिएको छ।

३०.यो अबधीसम्म ९४१  जना गर्भवती महिला तथा बालबालिकाहरुलाई खोप सेवा प्रदान गरिएको छ।

३१.यस अवधीमा नगरभरिका सम्पूर्ण निजी स्वास्थ्य संस्थाहरु अनुगमन गरी मासिक प्रतिवेदन समयमा पेश नगर्ने संस्थाहरुलाई प्रतिवेदन तयारीको विषयमा परामर्श गरी समयमा प्रतिवेदन पेश गर्न उत्प्रेरित गरिएको छ।

३२.यस अवधीमा ५७ जना सुत्केरी महिला तथा नवजात शिशुलाई घरमै गएर स्वास्थ्य जाँच गरि उत्तर-प्रसुती सेवा प्रदान गरिएको छ।

३३.मृगौला प्रत्यारोपण गरेका\ डायालाइसिस गराइ रहेका \ क्यान्सर रोगी\ मेरुदण्ड पक्षघात भएका १७४ जना  विरामीलाई औषधी उपचार खर्च वापत मासिक ५००० दरले कार्तिक महिना सम्मको सामाजिक सुरक्षा भत्ता भुक्तानी चरणमा रहेको छ।

३४.८ जान HIV तथा डायालाईसिस गराउने बिरामीलाई मासिक रु १५०० का दरले कार्तिक मसान्त सम्मको उपचार खर्च प्रदान गरिएको छ।

३५.विपन्न नागरिक उपचार निर्देशिका बमोजिम हालसम्म नि:शुल्क उपचार सिफारिस गरिएको संख्या ३० जना रहेको छ।

३६.चालु आ.व.हालसम्म नगरभरिका स्वास्थ्य संस्थाबाट जम्मा महिला १९०५७ र १३९५९ पुरुष गरि कुल जम्मा ३३०१६ (तेत्तिस हजार सोह्र) जनालाई सेवा प्रदान गरिएको छ।

३७.गत आ.व २०८१।८२ को क्षयरोग कार्यक्रम र सम्पुर्ण स्वास्थ्य कार्यक्रमको वार्षिक समीक्षा सम्पन्न गरिएको छ।

३८.प्रयोगशाला सेवा निरन्तर रुपमा खैरहनी नगर अस्पताल, चैनपुर स्वास्थ्य चौकी, कठार स्वास्थय चौकी र कुमरोज स्वास्थ्य चौकीबाट प्रवाह भइरहेको छ। चैनपुर र कुमरोज स्वास्थ्य चौकीबाट साप्ताहिक रुपमा मधुमेह क्लिनिक (Fasting and PP blood sugar examination) संचालन गरि आवश्यकता अनुसार नगर अस्पताल लगायत विभिन्न अस्पतालमा प्रेषण गर्ने गरिएको छ। नगर अस्पतालको प्रयोगशालाले हरेक दिन विहान ७:०० बजे देखि नै सेवा संचालन गरेको छ।

३९.खैरहनी नगर अस्पतालबाट बिस्तारित स्वास्थ्य सेवा अन्तर्गत महिला तथा प्रसुती रोग बहिरङ्ग सेवा प्रत्येक बिहिबार, हाडजोर्नी रोग बहिरङ्ग सेवा प्रत्येक मंगलबार र शुक्रबार, भिडियो एक्स-रे सेवा प्रत्येक बुधबार र शुक्रबार संचालन भइरहेको छ।

## घ. वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा भएको कार्यसम्पादनः

४०.नगरपालिका क्षेत्र भित्र बग्ने खोलाहरुबाट कटान हुने अवस्था अत्यधिक रहेकोले खोला कटानलाई नियन्त्रण गर्नको लागि तटबन्ध लगायतका कार्य अवलम्बन गरिएको छ ।

४१.ठूला पूर्वाधारका योजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, नियमका प्रावधान अवलम्वन गरिएको छ।

४२.खैरहनी नगरपालिकाको अगुवाई तथा मेड नेपालको प्राविधिक सहयोगमा विपद् व्यवस्थापनको सन्दर्भमा स्वयंसेवक परिचालन कार्यविधि निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ।

४३.खैरहनी नगरपालिकाको अगुवाई तथा NDRC नेपालको प्राविधिक सहयोगमा विपद् व्यवस्थापनको सन्दर्भमा **LEOC (LOCAL EMERGENGY OPERATION CENTRE)** को कार्य पूर्णता दिई अन्तिम चरणमा पुगेको छ।

४४.विपद् प्रतिकार्यमा महिला, युवाहरू, र जोखिममा रहेका समुदायहरूको सहभागिता सुनिश्चित गर्दै समावेशी नीतिको कार्यलाई एकीकृत गर्ने प्रणाली स्थापना भएको छ।

४५.वातावरण तथा विपद् व्यवस्थापनका लागि आवश्यक निर्देशिका बनाई वातावरण तथा विपद् व्यवस्थापन कोषलाई थप व्यवस्थित गरी परिचालन गरिएको छ।

४६.जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८१ अन्तर्गत कानुनी मार्गदर्शनको दायरामा ल्याई २०८२ साल श्रावणदेखि हाल सम्म खानेपानी संस्था तथा सिचाई तथा कुलो उपभोक्ता संस्था गरी जम्मा ५ वटा जल उपभोक्ता संस्था दर्ता गरिएको छ। सबै खानेपानी तथा जल उपभोक्तासमुहलाई नगरपालिकामा दर्ता हुने व्यवस्था गरिएको छ।

४७.खैरहनी नगरपालिकामा रहेको दमकल र राहत सामग्री उपयोग गरी विपद्जन्य घटनाको प्रति कार्यको लागि नियमित अनुगमन गरिएको छ।

४८.१३ वटै वडामा वडास्तरीय विपद् व्यवस्थापन समितिको गठनको कार्य अवलम्बन गरिएको छ ।

४९.खैरहनी नगरपालिकाको अगुवाईमा स्थानीय जलवायु विपद तथा जलवायु उत्थानसिल योजना अद्यावधिक कार्य अन्तिम चरणमा पुगेको छ।

५०.आगलागी नियन्त्रणको लागि सेवा प्रदान गरिरहेको बारुणयन्त्र सञ्चालन र व्यवस्थापनमा नागरिकको सहज पहुँच स्थापना गर्ने कार्य भईरहेको छ।

## ङ. घर नक्शा शाखामा भएको कार्यसम्पादनः

५१.खैरहनी नगरपालिकाभित्र नयाँ घर नक्सा पासका लागि चालु आर्थिक वर्षको आजको दिन सम्ममा जम्मा १६ वटा निवेदन प्राप्त भएका छन्। DPC level सम्म ३ वटा नयाँ भवनहरूले ईजाजत लिएका छन्।

५२.चालु आ.व. मा पुराना घरहरूको नक्शा अभिलेखिकरणको लागि ४३ वटा निवेदन प्राप्त भएकोमा २ वटा पुराना घर अभिलेखिकरण सम्पन्न भएको छ भने नयाँ १ वटा घर निर्माण सम्पन्न भएको छ।

५३.चालु आ.व. मा भवन यथास्थितिकरणको लागि १ वटा निवेदन प्राप्त भएको छ।

५४.खैरहनी नगरपालिकाभित्र चालु आ.व. मा १० वटा कच्ची घर प्रमाणित भएको छ।

## च. कृषि क्षेत्रमा भएको कार्यसम्पादनः

५५. ३७ जना किसानको खेतमै पुगेर, ५९ जनाको कृषि शाखाको प्लान्ट क्लिनिक प्रयोगशालाबाट रोग/कीरा निदान गरेर र ४१ जना किसानलाई भौतिक रुपमै कृषि शाखाबाट प्राविधिक परामर्श सेवा प्रदान गरिएको छ।

५६.सामाजिक सञ्जाल मार्फत ९ वटा विभिन्न कृषि प्रविधि विषयक जानकारी मुलक भिडियो तयार गरि प्रशारण गरिएको छ।

५७.रासायनिक बिषादी न्यूनीकरण गर्ने उदेश्यले ३१ कृषकलाई मोहनी पासो, जैविक बिषादी लगायतका सामग्री र विषादी २५% अनुदानमा उपलब्ध गरिएको छ। वितरण कार्यलाई वर्षभरि नै निरन्तरता दिइएको छ।

५८.खाद्य संकट कम गर्न विभिन्न वडामा रहेका ९ वटा सिंचाई कुलो पूर्वाधार मर्मतका लागि बोलपत्र निकाल्ने काम सम्पन्न भएको छ।

५९.३ पटकमा गरि युरीया १४३ मे. टन, डिएपी ४४० मे. टन र १८ मे.टन. पोटास डिलरले खरिद गरि ल्याई कृषकलाई बितरणका लागि सिफारिस गरिएको छ।

६०.एड-वन संस्थाको आर्थिक र खैरहनी नगरपालिकाको प्राविधिक सहयोगमा खैरहनी नगरपालिका वडा नं. ७ का १५ जना विपन्न कृषकलाई तरकारी खेती बिषयक १ हप्ते तालिम प्रदान गरि सम्पन्न गरिएको छ।

## छ. पशु क्षेत्रमा भएको कार्यसम्पादनः

६१.प्रयोगशाला सेवा अन्तर्गत ६८७ वटा गोबरको नमुना परीक्षण, ४५ वटा दुधको नमुनाको CMT परिक्षण र ५ वटा दुधको नमुनाको कल्चरको गुणस्तर परीक्षण र ५ वटा भिडियो एक्सरे गरिएको छ।

६२.पशु उपचारमा गुणस्तर ल्याउनका निम्ति गत आ.व. बाट वडा नं.६ को स्वर्णतारा क्लबबाट २०० मि.उत्तर तर्फ पशुपन्छी उपचार कक्ष सञ्चालनमा ल्याई नियमित पशुपंक्षी उपचार सेवा, थुनेलोको CMT परिक्षण, कल्चर तथा भिडियो एक्सरे सहितको प्रयोगशाला सेवा सञ्चालन भैरहेको छ।

६३.गुणस्तरीय पशुपंन्छी उपचारको लागि पशुपंन्छी उपचार कक्षको स्तरउन्नति गरी नियमित रूपमा पशुहरूको मेडिकल उपचार, गोबर, दुध परीक्षण, दुध कल्चर र भिडियो X-Ray सहितको प्रयोगशाला सेवा संचालन भईरहेको छ। यस अवधिमा पशुहरुमा दखिने रेबिज तथा एन्टेरोटक्सेमिया रोगको निदान तथा जन्डिस, मोहोला रोगको सफल उपचार गरिएको छ।

६४.कृषकको घर-गोठमा गई १५२ गाई तथा भैंसीमा रहेको बाँझोपन तथा थुनेलो पहिचान गरी उपचार गरिएको छ।

६५.यस आ.व.मा ८२९५ पशुलाई लम्पी स्किन डिजिज,८२३ पशुलाई खोरेत र ३०९ पशुलाई रेबिज रोग विरुद्धको खोप सेवा उपलब्ध गराईएको छ।

६६.परजीवी नियन्त्रण अन्तर्गत नाम्ले, माटे, जुका, जुम्रा र किर्नाको पहिचान तथा उपचार गरिएको छ।

६७.आ.व.२०८२/०८३ मा हालसम्म **१२८६** जना सेवाग्राहीलाई पशु सम्बन्धि विभिन्न सेवा तथा परामर्श दिईएको छ।

६८.शाखाको स्टोरमा रहेको सम्पूर्ण औषधी तथा खोप जलेर नस्ट भएको हुँदा पुन: औषधी तथा प्रयोगशाला उपकरण खरिद प्रक्रियामा रहेको छ।

६९.नियमित रुपमा सेवाग्राहीको निवेदनको आधारमा विभिन्न ईन्सुरेन्स कम्पनीलाई पशुको क्षतिपूर्तिको लागि वीमा सिफारिस दिने गरिएको छ।

७०.कृत्रिम गर्भाधानमा प्रयोग हुने सिमेन, नाईट्रोजन, सिथ, ग्लोब्स, लगायतका उपकरण खरिद गरि कृत्रिम गर्भाधानकर्तालाई प्रगतिको आधारमा वितरण गरिएको छ।

## ज. श्रम तथा रोजगार क्षेत्रमा भएको कार्यसम्पादनः

७१.चालु आर्थिक वर्षको समीक्षा अवधिसम्म वैदेशिक रोजगारिमा जाने १२५ जना व्यक्तिहरुको श्रम स्वीकृतिमा सहजीकरण गरिएको छ।

७२.वैदेशिक रोजगार बोर्डको सचिवालयले प्रदान गर्ने कल्याणकारी सेवाहरु अन्तर्गत वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताको प्रक्रिया अगाडी बढाइएको छ।

७३.विभिन्न संघसस्थाहरुले आयोजना गर्ने विभिन्न पेशा र विषयमा छोटो अवधिको निःशुल्क सीपमूलक तालिमको सूचना संप्रेषण तथा इच्छुक व्यक्तिहरुलाई सिफारीस गरिएको छ ।

७४.वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको सामाजिक सुरक्षा कोष सम्बन्धी जानकारी तथा तोकिए बमोजिमका अन्य नियमित कार्यहरु गरिएको छ ।

## झ. न्यायिक क्षेत्रमा भएको कार्यसम्पादनः

७५.चालु आ.व. को पहिलो चौमासिकमा न्यायिक समितिमा कुल २५ वटा विवादको निवेदन दर्ता भएका छन् भने गत आ.व. को अ.ल्या. ४६ गरी जम्मा ६९ वटा विवाद रहेका छन् । चालु आ.व. को पहिलो चौमासिकमा जम्मा ६ वटा विवाद चितवन जिल्ला अदालतमा सिफारिस गरिएका छन् ।

७६.समुदायस्तरमा कानुनी घुम्ती शिविर सम्पन्न भएको छ । कार्यक्रममा दैनिक जीवनमा आवश्यक पर्ने कानुन, पारिवारिक कानुन, सम्पति कानुन, विवाह तथा सम्बन्ध विच्छेद सम्बन्धी कानुनी व्यवस्था, आर्थिक लेनदेन गर्दा ध्यान दिनुपर्ने घरसार लिखत, लैङ्गिक हिंसा र बाल यौनदुर्व्यवहारका कारण तथा न्यूनीकरणका उपाय, बालमैत्री स्थानीय शासन, मुलुकी देवानी संहिता, फौजदारी संहिता लगायतका कानुनी विषयमा सचेतीकरण भएको छ ।

७७.सामुदायिक विद्यालयमा कानूनी साक्षरता कार्यक्रम सम्पन्न भएको छ । साक्षरता कार्यक्रममा दैनिक जीवनमा आवश्यक पर्ने कानुन, पारिवारिक कानुन, सम्पत्ति कानुन, विवाह तथा सम्बन्ध विच्छेद सम्बन्धी कानुनी व्यवस्था, आर्थिक लेनदेन गर्दा ध्यान दिनुपर्ने लिखत सम्बन्धी व्यवस्था, लैङ्गिक हिंसा र बाल यौनदुर्व्यवहारका कारण तथा न्यनीकरणका उपाय, बालमैत्री स्थानीय शासन लगायतका विषयमा अभिमुखिकरण भएको छ ।

७८.खैरहनी नगरपालिकामा तालिमप्राप्त मेलमिलापकर्ताहरुको सूचिकरण गर्ने कार्य सम्पन्न भएको छ । चालु आ.व. मा जम्मा ७५ जना मेलमिलापकर्ताहरु सूचिकृत भएका छन् ।

७९.विभिन्न २६ जना सेवाग्राहीलाई निःशुल्क कानूनी तथा न्यायिक परामर्श प्रदान गरिएका छन् ।

## ञ. सूचना प्रविधि क्षेत्रमा भएको कार्यसम्पादनः

८०.नगरपालिकाको सम्पूर्ण सेवालाई सूचना प्रविधिमा आधारित बनाउन प्रयास भइरहेको छ । कार्यपालिका सबै निर्णयहरू र हरेक महिनाको मासिक खर्च नगरपालिकाको वेबसाइटबाट सार्वजनिक गरिएको छ । नगरपालिकाका गतिविधिहरूलाई नियमित रूपमा फेसबुक तथा युट्युव जस्ता सामाजिक सञ्जालमा अद्यावधिक गरिएको छ ।

८१.नगरपालिका/वडा अन्तर्गतका बिभिन्न स्थानहरुमा राखिएका सिसिटिभी सरभेइलेन्स, Software/Hardware, सिस्टमहरुको नियमित नियमन तथा अनुगमन गरिएको छ ।

८२.विभिन्न शाखाबाट प्राप्त सूचना तथा बिज्ञापन प्रकाशन तथा प्रसारण गरिएको छ ।

८३.नगरपालिका क्षेत्रभित्र निर्माण गरिएका सम्पूर्ण विकास निर्माण, सामाजिक, आर्थिक क्षेत्रमा भएका गतिविधिहरु Video Documentary तयार गरी पर्सा बजार अवस्थित LED Display मार्फत प्रसारण गरिएको छ ।

८४.विभिन्न सेवाहरु प्रदान गर्ने व्यवस्थालाई व्यवस्थित गर्ने उद्दश्यले नगरपालिकाको स्मार्ट मोबाइल एप निर्माण गरि नियमित रुपमा अद्यावधिक गरिएको छ ।

## ट. उद्योग व्यवसाय तथा उद्यम विकास क्षेत्रमा भएको कार्यसम्पादनः

८५.चालु आ.ब. मा जम्मा ९३ नयाँ व्यवसाय दर्ता भएको छ र १०३४ व्यवसायको नवीकरण भएको छ ।

८६.गत आ.ब मा लघु उद्यम विकास तालिम प्राप्त सहभागीहरुले चालु आ.ब को कार्तिक मसान्त सम्ममा ४ जनाबाट व्युटी पार्लर, ११ जनाबाट ढाका बुनाई, ११ जनाबाट चप्पल बनाउने, १३ जनाबाट च्याउ खेती, ५ जनाबाट डाईगन फ्रुट व्यवसाय सञ्चालन भइरहेका छन् ।

८७.बीउ पुँजी क्रार्यक्रम अन्तर्गत फरक क्षमता भएका व्यक्तिहरुबाट सरफ साबुन बनाउने व्यवसाय सञ्चालनमा आएको छ । होमस्टे व्यवसाय सम्झौता सम्पन्न भई व्यवसाय सञ्चालनको चरणमा रहेको छ ।

८८.व्यवसायीहरुलाई नियमित रुपमा परामर्श दिनुका साथै नियमित रुपमा अनुगमन गरिएको छ । Basic सिलाइ कटाई सीप विकास तालिम लिईएका लघु उद्यमीहरुको लागि Advanced सिलाई कटाई तालिम संम्पन्न भई व्यवसाय सञ्चालनमा रहेका छन् ।

८९.ब्युटीपार्लर तालिम लिएकामध्ये ४ वटा समुहबाट व्युटीपार्लर व्यवसाय शुरु भएका छन् भने १२ जना लघु उद्यमीको लागि तीन महिने विशिष्टीकृत व्युटीपार्लर सीप विकास तालिम सम्पन्न भएको छ ।

९०.१२ जना सहभागीहरुलाई मोबाईल मर्मत सीप तालिम सम्पन्न भएको छ ।

९१.५० जना सहभागीहरुलाई मन्टेश्वरी तालीम संम्पन्न भयो ।

९२.विभिन्न सिप तथा उद्यमशीलता सम्बन्धी तालिममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

## ठ. महिला, बालबालिका र जेष्ठ नागरिक क्षेत्रमा भएको कार्यसम्पादनः

९३.नगर स्तरीय जेष्ठ नागरिक मञ्च गठन गरिएको छ । नगर बाल सञ्जालको २ वटा बैठक सम्पन्न भई बालमैत्री स्थानीय शासन सम्बन्धी छलफल भएको छ ।

९४.बालमैत्री स्थानीय शासन वडा तथा नगर घोषणका लागि अभिलेखिकरण एवम् तयारी भइरहेका छन् ।

९५.खैरहनी नगरपालिकामा दर्ता भएका आमा समूहहरुसँग मानव बेचबिखन बिरुद्धको जनचेतना सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

९६.खैरहनी नगरपालिका आमा समुह गठन तथा परिचालन कार्यविधि, २०८० अनुसार खैरहनी नगरपालिकामा हाल सम्म कुल ३५ वटा आमा समूह दर्ता भएका छन् ।

९७.बालमैत्री स्थानीय शासन नीतिगत तथा प्रकृयागत कार्यन्वयनका लागि खैरहनी नगरपालिकाको बाल समुह /बाल संजालको गठन तथा कार्य संचालन विधान, २०८१, खैरहनी नगरपालिकाको बालमैत्री स्थानीय शासनका सूचक मापनयोग्य सरलीकरण (स्थानीयकरण) दस्तावेज २०८१, नगरपालिकाले पालना गर्ने, वडाले पालना गर्ने, विद्यालय, संघ संस्था र व्यवसायीले पालना गर्ने, अभिभावकले पालना गर्ने, बालमैत्री आचारसंहिता कार्यपालिकाबाट स्वीकृत भई लागु भएको छ ।

९८.बालमैत्री स्थानीय शासनको तयारी तथा कार्यान्वयन सम्बन्धमा खैरहनी नगरपालिका वडा नं. ५, ६ र ११ मा अनुगमन तथा निरीक्षण कार्य सम्पन्न भएको छ ।

९९.चालु आ.व. को प्रथम चौमासिकमा २४ जना जेष्ठ नागरिकलाई जेष्ठ नागरिक परिचय पत्र वितरण भई हालसम्म २०६५ जना जेष्ठ नागरिकलाई जेष्ठ नागरिक परिचय पत्र बितरण भएको छ ।

१००. चालु आ.व. को प्रथम चौमासिकमा १२ जनालाई अपाङ्गता पहिचान परिचय पत्र वितरण भएकोमा हालसम्म ७१५ जनालाई अपाङ्गता पहिचान परिचय पत्र बितरण गरिएको छ । चालु आ.व.को प्रथम चौमासिकमा २३ जना अपाङ्गता भएका व्यक्तिलाई ह्विल चेयर (Wheel Chairs), ११ जनालाई hearing aid, २ जनालाई कृत्रिम खुट्टा, २ जनालाई ट्राई साइकल, २ जनालाई क्यालिएर (हिड्नको लागि सहयोगी सामाग्री) र २ जनालाई अर्थोपेडीक जुत्ता बितरण गरिएको छ । त्यस्तै २ पटक अपाङ्गता परिचय पत्र बितरण समन्वय समितिको बैठक सम्पन्न भएको छ ।

१०१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) रणनीति तयार भई लागु गरिएको छ ।

## ड. सामाजिक सुरक्षा तथा पंजीकरण शाखा

१०२. यस अवधिमा जन्म दर्ता १६३, मृत्यु दर्ता ९२, बसाई सरी आउने १८४, वसाईसराई गरी जाने १०४, विवाह दर्ता ८३, सम्बन्ध विच्छेद १२ वटा भएको छ।

१०३. यस अवधिमा जम्मा ६४९१ जना सामाजिक सुरक्षा भत्ता लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन्।

## ढ. आर्थिक प्रशासन शाखा

१०४. आ.ब. २०८२/८३ को चालुतर्फको बार्षिक विनियोजन बजेट जम्मा रु ५० करोड ९५ लाख २८ हजार रहेकोमा हाल सम्म जम्मा रु ९ करोड ३१ लाख ५ हजार १ सय ५९ रुपैया खर्च भएको छ जुन बार्षिक बजेटको १८.२७ प्रतिशत रहेको छ।

१०५. आ.ब. २०८२/८३ को पुजीगततर्फको बार्षिक विनियोजन बजेट जम्मा रु ५२ करोड ८९ लाख ८५ हजार ३ सय ५० रुपैया रहेकोमा हाल सम्म जम्मा रु ८५ लाख ६ हजार खर्च भएको छ जुन बार्षिक बजेटको १.५९ प्रतिशत रहेको छ।

## ण. राजस्व शाखा

१०६. यस चौमासिकमा विभिन्न शिर्षकमा गरी जम्मा २ करोड २६ लाख २ हजार ५ सय ४५ राजस्व सङ्कलन भएको छ जुन बार्षिक लक्ष्यको ११.४१ प्रतिशत रहेको छ ।

## त. आन्तरिक लेखा परीक्षण शाखामा भएको कार्यसम्पादनः

१०७. बेरुजु असुल गर्नुपर्ने व्यक्ति/संघ-संस्थाहरुलाई पत्राचार गरिएको छ। हाल सम्म मा रु.२० लाख ७८ हजार १ सय ७७ वेरुजु रकम असुल उपर भएको छ।

## थ. प्रशासन शाखाको विवरण :

१०८. जम्मा कर्मचारी संख्या: २०७

१०९. वडागत कर्मचारी संख्या विवरण: ३९

११०. विषयगत शाखामा कार्यरत कर्मचारी संख्या: ८५

१११. स्वास्थ्य तर्फ कार्यरत कर्मचारी संख्या: ८३

११२. जम्मा स्वीकृत दरवन्दी: २१४

११३. पदपूर्ति संख्या:२०७

११४. रिक्त संख्या: ७

**मिति :२०८२।०७।२८**

**प्रस्तुतकर्ता**
नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत